# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : संख्या: प्रकाशित मिति: २०७७/१२/०४

भाग-

## गाउँपालिका स्तरिय दलित समन्वय समिति सञ्चालन कार्यविधि , २०७७

# गाउँपालिका स्तरिय दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०७७

गाउँपालिका स्तरिय दलित समन्वय समितिको सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि

**प्रस्तावना :** नेपालको संविधानको प्रस्तावना र मौलिक हकको मर्म र भावना बमोजिम दलित समुदायको हक, हित तथा अधिकार संरक्षण, सम्बर्द्धन एवम् ग्यारेण्टी गरी गाउँपालिकालाई समतामूलक गाउँको रुपमा विकास गर्न साथै प्रचलित कानूनले परिभाषित गरेको दलित समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक एवम् शैक्षिक लगायत समग्र क्षेत्रमा पहिचान, प्रतिनिधित्व र पहुँच अभिबृद्धि गर्दै गाउँपालिका विकासको मूलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले, **"गाउँपालिका स्तरीय दलित समन्वय समिति"** को स्थापना र सञ्चालन गर्नस्थानीय सरकार सञ्चालन ऐनको दफा ११ उपदफा (७) ले दिएको अधिकारलाई प्रयोग गरेर यो "गाउँपालिका स्तरीय दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०७७" जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस सञ्चालन कार्यविधिको नाम "गाउँपालिका स्तरीय दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"गाउँपालिका"** भन्नाले रोङ गाउँपालिका सम्झनु पर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले रोङ गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) **"वडा समिति"** भन्नाले गाउँपालिकाको वडा समिति सम्झनुपर्छ ।

(घ) **"अध्यक्ष"** भन्नाले रोङ गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले रोङगाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) **"वडा अध्यक्ष"** भन्नाले गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ

(ज) **"सभा"** भन्नाले रोङ गाउँ सभालाई सम्झनुपर्छ ।

(झ) **"समिति"** भन्नाले रोङ गाउँपालिका स्तरिय दलित समन्वय समितिलाई सम्झनुपर्छ ।

(ञ) **"दलित समुदाय"** भन्नाले राष्ट्रिय दलित आयोगले सूचिकृत गरेको दलित समुदायको सूचिमा पर्ने समुदायलाई सम्झनुपर्छ ।

(ट) **"समिति अध्यक्ष"** भन्नाले समन्वय समितिको अध्यक्षलाई सम्झनुपर्छ ।

(ठ) **"सदस्य सचिव"** भन्नाले समन्वय समितिको सदस्य सचिवलाई सम्झनुपर्छ ।

(ड) **"पदाधिकारी"** भन्नाले समन्वय समितिको अध्यक्ष र सदस्य सचिवलाई सम्झनुपर्छ ।

(ढ) **"सदस्य"** भन्नाले समन्वय समिति सदस्यलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## समितिको गठन तथा काम, कर्तव्य, अधिकार

३. गाउँपालिका भित्र दलित समुदायको हक, हित तथा अधिकार संरक्षण, सम्बर्द्धन एवम् ग्यारेण्टी गरी गाउँपालिकालाई समतामूलक गाउँको रुपमा विकास गर्नको लागि अध्यक्षको प्रस्तावमा यो कार्यविधिको परिच्छेद-२ को दफा ९ मा व्यवस्था भएको योग्यता पुगेको क्रियाशील व्यक्तिहरुमध्येबाट गाउँ कार्यपालिकाले देहाय बमोजिमको समिति गठन गर्नेछ :

(क) दलित समुदायको हक, हित र अधिकार प्राप्तिको लागि उल्लेखनीय योगदान गरेको व्यक्ति - अध्यक्ष

(ख) दलित समुदायको क्षेत्रमा योगदान गरेको व्यक्ति - कोषाध्यक्ष
राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरुको - सदस्य
दलित संगठनहरुले तोकेको प्रतिनिधि १-१ जना

(ग) दलित समुदायको हक, हित संरक्षण र सम्बर्द्धनमा - सदस्य
बिशेष योगदान संघ, संस्था एवम् पेशा, व्यवसाय समेतको
प्रतिनिधित्व हुनेगरी २ जना

(घ) गाउँ सामाजिक विकास समितिको संयोजक (पदेन) - सदस्य

(ङ) वार्ड सदस्य निर्वाचित दलित महिला सदस्यमध्येबाट १ जना - सदस्य

(च) दलित समुदायको कार्यपालिका सदस्य मध्येबाट/..........समितिले आफुमध्येबाट छानेको
१ जना - सदस्य सचिव

**४.** दफा ३ बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ र त्यसरी मनोनयन गर्दा कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराईनेछ ।

**५.** दफा ३ बमोजिम गठन भएको समितिको पदावधि गठन भएको मितिदेखि तीन (३) वर्ष हुनेछ ।

**६.** अध्यक्षले कुनै कारणबाट आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष र अन्य पदाधिकारीले तथा सदस्यले अध्यक्ष समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।

**७.** पदावधिको विचमा राजिनामा दिई, मृत्यु भई, अशक्त भई, फौजदारी अभियोगमा सजाय पाई, बसाईसरी बाहिर गएमा, पदिय दायित्व सन्तोषजनक ढङ्गले वहन नगरी पदबाट फिर्ता बोलाई वा अन्य कारणले समितिको पद रित्त भएमा बाँकि रहेका पदावधिको लागि मात्र गाउँ कार्यपालिकाले मनोनयन गर्नेछ ।

**८.** समितिमा गाउँपालिकाले मनोनयन गरेका पदाधिकारी तथा सदस्यहरुको कार्य सन्तोषजनक नभएको गाउँ कार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी तथा सदस्यलाई आफ्नो पदबाट फिर्ता बोलाई बाँकि पदावधिको लागी रित्त पदमा मनोनयन गर्न सक्नेछ ।

**९.** समितिमा पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :

**(क)** राष्ट्रिय दलित आयोगले सूचिकृत गरेको दलित समुदायको नागरिक,
**(ख)** दलित समुदायको बारेमा पर्याप्त जानकारी भई योगदान पुऱ्याउन सक्ने,
**(ग)** दलित समुदायको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको,
**(घ)** गाउँपालिकाको नागरिक, गाउँपालिका भित्र बसोबास गरी योगदान पुऱ्याइ रहेको,
**(ङ)** फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति,
**(च)** मानसिक सन्तुलन नगुमाएको व्यक्ति,
**(छ)** बैंक तथा वित्तिय संस्थाको कालो सूचीमा नपरेको व्यक्ती ।

**१०.** **समितिको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस कार्यविधिको सीमाभित्र रही दलित समुदायसँग सम्बन्धित दीर्घकालीन नीति, कार्यक्रम तर्जुमा गरी गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ख) गाउँपालिकाबाट स्वीकृत नीति, कार्यक्रमको अधिनमा रही दलित समुदाय सम्बन्धि योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ग) दलित समुदायको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक, शैक्षिक, स्वास्थ्य लगायतका क्षेत्रलाई समेटेर रणनीतिक योजना तयार पारी सोही अनुरुप कार्य गर्ने,

(घ) गाउँ पालिका क्षेत्रमा क्रियाशील दलित समुदायको क्षेत्रमा क्रियाशील संघ, संस्थासँग सहकार्य, समन्वय गर्ने,

(ङ) समितिको बार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ङ) दलित समुदायको समग्र विकास, सशक्तिकरण एवम् मूलप्रवाहिकरण सम्बन्धि बिषयमा गाउँपालिकालाई सुझाव दिने,

(च) तोकिए बमोजिमको काम गर्ने, गराउने ।

**११. समितिको बैठक** : समितिको बैठक हरेक दुई महिनामा एक पटक बस्नेछ भने यसबाहेक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठकको निर्णयलाई अध्यक्षद्वारा प्रमाणित गरि राखिनेछ । समितिको बैठक सम्बन्धि अन्य विनियम समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै बिशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-३

## समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

**१२.** समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) समितिको नेतृत्व गर्ने,
(२) समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकि मत बराबर भए निर्णायक मत दिने,
(३) सदस्य सचिवलाई बैठक वोलाउन आदेश दिने,
(४) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,
(५) बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यन्वयन गर्ने, गराउने,
(६) गाउँ पालिका तथा अध्यक्ष सँग सम्पर्क, समन्वय गर्ने,
(७) समितिको कोषको खाता सदस्य सचिवसँग सञ्चालन गर्ने,
(८) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने,
(९) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,
(१०) पदाधिकारी तथा सदस्यहरुको राजिनामा स्वीकृत गर्ने,
(११) समितिको कामको अनुगमन तथा नियमन गर्ने/गराउने,
(१२) समितिले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**(ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षलाई सहयोग गर्ने,
(२) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने/गराउने,
(३) समितिको कार्यहरुको अनुगमन गर्ने/गराउने,
(४) समिति तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने/गराउने,
(५) अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने,
(५) समितिको तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पूर्ण कार्यगर्ने/गराउने,
(६) समितिको नाममा रहेको बैंक खाता अध्यक्ष र काषाध्यक्षसँग संयुत्त रुपमा सञ्चालन गर्ने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) समितिको सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने, गराउने ।
(२) समितिको कोष सञ्चालन गर्ने ।
(३) समितिको नाममा रहेको बैंक खाता अध्यक्षसँग सं युक्तरुपमा सञ्चालन गर्ने ।
(४) समितिको आर्थिक योजना बैठक समक्ष पेश गर्ने र कार्यान्वयन गर्ने गराउने ।
(५) कानून बमोजिम आर्थिक कारोबारको श्रेस्ता राख्ने, राख्न लगाउने ।
(६) समितिको नाममा रहेको बैंक खाता अध्यक्ष र सचिवसँग संयुत्त रुपमा सञ्चालन गर्ने ।
(७) गाउँ पालिकाले तोकेको लेखा परीक्षकद्धारा लेखापरीक्षण गराउने र प्राप्त भएका बेरुजु फर्छ्यौट गर्ने ।
(८) समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने गराउने ।

**(ङ) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्ष तथा समितिलाई सहयोग गर्ने ।

(२) बैठकमा सहभागी हुने ।

(३) समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

## "परिच्छेद- ४"

## वडास्तरिय दलित समन्वय समितिको गठन, तथा काम, कर्तव्य, अधिकार

**१३.** वडास्तरीय समितिका गठन, तथा काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
गाउँपालिकामा गाउँपालिकास्तरीय दलित समन्वय समितिको कामलाई थप व्यवस्थित बनाउनको लागि वडामा दलित समुदायको हक, अधिकार संरक्षणमा क्रियाशिल परिच्छेद-२ को दफा ९ मा व्यवस्था भएको योग्यता पुगेको क्रियाशील व्यक्तिहरुमध्येबाट समितिको उपस्थितिमा वडास्तरीय भेलाले हरेक वडाहरुमा कम्तिा ५ देखि ११ जनासम्मको देहाय बमोजिमको समिति गठन गर्नेछ :

(क) अध्यक्ष - १

(ख) सचिव - १

(ग) कोषाध्यक्ष- १

(घ) अन्य सदस्य - वडाको आवश्यकता अनुसार

(ङ) निर्वाचित दलित महिला सदस्य (पदेन)- सदस्य

वडा समितिका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ र त्यसरी मनोनयन गर्दा कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराईनेछ ।

**१४. वडा समितिको पदावधीः** वडा समितिको पदावधि गठन भएको मितिदेखि तीन (२) वर्ष रहनेछ ।

## परिच्छेद-५

## समितिको कोष

**१५. समितिको कोष :** (१) समितिको आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको स्रोत देहाय बमोजिम हुनेछ :

(क) गाउँ पालिकाको बार्षिक बजेटको रुपमा उपलब्ध हुने रकम,

(ख) कुनै व्यक्ति वा संघ, संस्थाबाट प्राप्त हुने दान, दातव्य, अनुदान रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) दलित समुदायसँग सम्बन्धित संघ, संस्थालाई आबद्धता प्रदान गर्दा प्राप्त रकम,

(ङ) प्रकाशन बिक्रीबाट प्राप्त हुने रकम,

(च) प्रतियोगिता सञ्चालनबाट प्राप्त हुने रकम,

(छ) सेवा सञ्चालनबाट प्राप्त हुने रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समितिको नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहने सम्पूर्ण रकम समितिले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको बैंक खाताको सञ्चालन अध्यक्ष, कोषाध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट गरिनेछ ।

(६) समितिको आर्थिक बर्ष गाउँपालिकाको आर्थिक बर्ष सरह हुनेछ ।

(७) समितिको कोष सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१६. लेखापरिक्षण :** (१) समितिले आफ्नो आय, व्यय नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नुपर्नेछ ।

(२) आर्थिक बर्ष समाप्त भएको दुई महिनाभित्र समितिले गाउँपालिकाले तोकेको लेखा परिक्षकबाट लेखा परिक्षण गराई गाउँपालिकामा प्रतिवदेन पेश गर्नुपर्नेछ ।

(३) गाउँपालिकाले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धि कागजात र अन्य नगदी, जिन्सी जुनसुकै बखत जाँच्न र जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद-६
## कार्यालय, कर्मचारी व्यवस्था, छाप

**१७.** समितिको बेग्लै कार्यालय रहनेछ ।

**१८.** समितिको कार्यालय गाउँपालिकाले निर्धारण र उपलब्ध गराएको स्थान र भवनमा रहनेछ ।

**१९.** समितिलाई आवश्यक पर्ने कर्मचारी व्यवस्था गाउँपालिकाले गर्नेछ र कर्मचारीको आर्थिक दायित्व समेत गाउँपालिकाले बहन गर्नेछ ।

**२०.** कर्मचारी र अन्य आवश्यकताबारे समितिले गाउँपालिकालाई जानकारी गराउनुपर्नेछ ।

**२१.** समितिको बेग्लै छाप, लेटर प्याड, साइन बोर्ड हुनेछ ।

**२२.** समितिको छाप समिति गठनपछि समितिको बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-७
## विविध

**२३. संशोधन :** (१) गाउँ दलित समन्वय समिति संचालन कार्यविधि-२०७७ को संशोधन गर्न आवश्यक भएमा समितिले तयार गरि अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयुक्त लागेमा अध्यक्षले कार्यपालिकामा पेशगरी कार्यपालिकाले स्वीकृत दिएपछि मात्र सञ्चालन कार्यविधि संशोधन भई कार्यान्वयन हुनेछ ।

(३) कुनै विषयमा अस्पष्टता भए, विवाद भई निरुपण हुन नसके सो विषयमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**२४. सपथ :** समितिको पदाधिकारी तथा सदस्यहरुले आ-आफ्नो पदभार सम्हाल्नु अघि अध्यक्षले अध्यक्षबाट र सदस्यहरुले अध्यक्षबाट तोकिए बमोजिम सपथ लिनुपर्नेछ ।